पत्रोत्तरमा पत्र संख्या मिति उल्लेखित हुन अपेक्षित छ ।

नेपाल सरकार

# वन तथा वातावरण मन्त्रालय

EX: पो.ब.नं. :३९८७
सिंहदरबार, काठमाण्डौ

## योजना, अनुगमन तथा समन्वय महाशाखा

### नीति विश्लेषण शाखा

पत्र संख्या :- नी. वि. शा.-१६-२०८०/०८१
चलानी नं. :- ९५१
प्राप्त पत्र संख्या र मिति :-

(छाप: नेपाल सरकार वन तथा वातावरण मन्त्रालय सिंहदरबार, काठमाडौं)

मिति : २०८०।०५।२२

**विषय : जानकारी एवं राय/सुझाव उपलब्ध गराउने सम्बन्धमा ।**

**सूचना** **सूचना** **सूचना**

श्री राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले यार्सागुम्बा व्यवस्थापन (संकलन तथा ओसारपसार) निर्देशिका, २०७३ लाई खारेज गर्ने गरी तयार पारेको हिमाली क्षेत्रमा रहेका राष्ट्रिय निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्र र मध्यवर्ती क्षेत्रमा यार्सागुम्बा व्यवस्थापन (सङ्कलन तथा ओसारपसार) निर्देशिका, २०८० को मस्यौदामा निर्देशिकासंग सम्बन्धित सबै सरोकारवालाहरुको जानकारी गराउने तथा राय/सुझावहरु माग गर्न भने वन तथा वातावरण मन्त्रालय, श्रीमान सचिवस्तरको मिति २०८०।०५।२१ को निर्णय अनुसार सम्बन्धित सबै सरोकारवालाहरुको जानकारीको लागि एवं उक्त निर्देशिकामा कुनै राय/सुझावहरु भए सूचना प्रकाशन भएको मितिले १० दिनभित्र देहाय अनुसारको ठेगानामा लिखित सुझाव उपलब्ध गराउन हुन यो सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध गर्दछु ।

(हस्ताक्षर) २०८०/०५/२२
...............
सुभाष कुमार शर्मा
वन अधिकृत

**राय/सुझाव पठाउने ठेगाना:**

वन तथा वातावरण मन्त्रालय
नीति विश्लेषण शाखा
सिंहदरबार, काठमाडौं ।

Emai: info@mofe.gov.np वा afoniti@mofe.gov.np

# हिमाली क्षेत्रमा रहेका राष्ट्रिय निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्र र मध्यवर्ती क्षेत्रमा यार्सागुम्बा व्यवस्थापन (सङ्कलन तथा ओसारपसार) निर्देशिका, २०८०

प्रस्तावना: वन नीति, २०७५ को समृद्धिका लागि वन अवधारणालाई टेवा पुऱ्याउने उद्देश्यले नेपालको हिमाली क्षेत्रमा पाइने बहुमूल्य जडीबुटी यार्सागुम्बाको संरक्षण, सङ्कलन एवं सदुपयोग गर्ने कार्यलाई सरल, सहज र व्यवस्थित गर्न वाञ्छनीय भएकोले,

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३३क. ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले यो निर्देशिका बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस निर्देशिकाको नाम "यार्सागुम्बा व्यवस्थापन (सङ्कलन र ओसारपसार) निर्देशिका, २०८०" रहेको छ ।

(२) यो निर्देशिका नेपाल सरकारले स्वीकृत गरेको मितिबाट प्रारम्भ हुनेछ ।

(३) यो निर्देशिका राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ बमोजिम घोषणा भएका हिमाली क्षेत्रमा रहेका यर्सागुम्बा पाईने राष्ट्रिय निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्र र मध्यवर्ती क्षेत्रमा लागू हुनेछ ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "ऐन" भन्नाले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ लाई सम्झनु पर्छ ।

(ख) "संरक्षित क्षेत्र" भन्नाले राष्ट्रिय निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्र र मध्यवर्ती क्षेत्रलाई सम्झनु पर्छ ।

(ग) "संरक्षक" भन्नाले राष्ट्रिय निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्र वा मध्यवर्ती क्षेत्रको संरक्षण तथा व्यवस्थापनको लागि नेपाल सरकारबाट नियुक्त व्यक्ति सम्झनु पर्छ ।

(घ) "प्रमुख" भन्नाले संरक्षण क्षेत्र व्यवस्थापन नियमावली, २०५३ को नियम ४ को उपनियम (२) बमोजिम नियुक्त भएको प्रधान कार्यालयको प्रमुख सम्झनु पर्छ ।

(घ) "व्यवस्थापन योजना" भन्नाले ऐनको दफा ३ को उपदफा (१क) बमोजिम स्वीकृत आवधिक योजना सम्झनु पर्छ।

(ङ) "परिषद्" भन्नाले कञ्चनजङ्घा संरक्षण क्षेत्र व्यवस्थापन नियमावली, २०६४ को नियम १० बमोजिम गठित परिषद् सम्झनु पर्छ ।

(च) "यार्सागुम्बा" भन्नाले हिमाली क्षेत्रमा पाइने यार्सागुम्बा/यार्चाघुन्वु/यार्चागुन्वु (*Cordyceps spp.*) जडीबूटीलाई सम्झनु पर्छ ।

महानिर्देशक

नेपाल सरकार वन तथा वातावरण मन्त्रालय राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग बबरमहल, काठमाडौं २०३७

३. <u>यार्सागुम्बा सङ्कलन सम्बन्धी व्यवस्था:</u> (१) हिमाली क्षेत्रका राष्ट्रिय निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्र र मध्यवर्ती क्षेत्रमा यार्सागुम्बा सङ्कलन गर्न चाहने व्यक्तिले अनुसूची- १ बमोजिमको ढाँचाको निवेदन सहितको कागजात संलग्न राखी संरक्षित क्षेत्र कार्यालय वा परिषद्मा निवेदन पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर संरक्षक वा प्रमुख वा परिषद्को अध्यक्षले आवश्यक जाँचबुझ गरी उपयुक्त ठानेमा स्वीकृत व्यवस्थापन योजनामा तोकिएको परिमाणमा नबढ्ने गरी हिमाली राष्ट्रिय निकुञ्ज नियमावली, २०३६ को अनुसूची- ५क. बमोजिमको दस्तूर लिइ अनुसूची- २ बमोजिमको यार्सागुम्बा सङ्कलन गर्ने इजाजतपत्र दिन सक्नेछ ।

(३) यार्सागुम्बा सङ्कलन अवधि प्रत्येक वर्षको वैशाख देखि असार महिनाभित्र बढीमा ३० दिनको हुनेछ ।

(४) यार्सागुम्बा सङ्कलन गर्न १६ वर्ष उमेर पूरा गरेको व्यक्तिले मात्र अनुमति पाउनेछन् ।

(५) यार्सागुम्बा सङ्कलन इजाजतपत्र एक व्यक्तिलाई वर्षको एकपटक मात्र दिइनेछ ।

(६) यार्सागुम्बा सङ्कलन गर्ने कार्यलाई व्यवस्थित गर्न स्थान विशेषको आधारमा संरक्षक वा प्रमुख वा परिषद्को अध्यक्षले थप निर्देशन दिन वा शर्तहरु तोक्न सक्नेछ ।

४. <u>सङ्कलित यार्सागुम्बा ओसारपसार सम्बन्धी व्यवस्था:</u> (१) दफा ३ बमोजिम सङ्कलन भएको यार्सागुम्बा ओसारपसार गर्न चाहने व्यक्ति, फर्म वा कम्पनीले अनुसूची- ३ को ढाँचाको निवेदन सहितको कागजात संलग्न राखी संरक्षित क्षेत्र कार्यालय वा परिषद्मा छोडपूर्जीका लागि निवेदन पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदन उपर संरक्षक वा प्रमुख वा परिषद्को अध्यक्षले दफा ३ को उपदफा (२) बमोजिम प्राप्त सङ्कलन इजाजतपत्रसँग भिडान गरी सङ्कलन गरेको परिमाण जाँची प्रचलित कानून बमोजिमको दस्तुर लिई सम्बन्धित व्यक्ति, फर्म वा कम्पनीलाई अनुसूची- ४ बमोजिमको ढाँचामा यार्सागुम्बा ओसारपसार गर्न छोडपूर्जी दिन सक्नेछ ।

(३) दफा (३) को उपदफा (२) बमोजिमको छोडपुर्जीको अवधि बढीमा तीस दिनको हुनेछ । छोडपुर्जीको अवधि भित्र कुनै कारणवस ओसारपसार गर्न नसकेमा बढिमा पन्ध्र दिनसम्म छोडपुर्जीको म्याद थप गर्न सकिनेछ ।

५. <u>यार्सागुम्बा सङ्कलनको लागि शिविरको व्यवस्थापन सम्बन्धी व्यवस्था:</u> (१) यार्सागुम्बा सङ्कलन कार्यलाई व्यवस्थित र सुरक्षित बनाउनको लागि राष्ट्रिय निकुञ्ज, आरक्ष, संरक्षण क्षेत्र कार्यालय वा परिषद्ले यार्सागुम्बा सङ्कलन हुने क्षेत्रमा स्थानीय तह, स्थानीय प्रशासन, सुरक्षा निकाय, स्वास्थ्य संस्था, उपभोक्ता समिति र अन्य सरोकारवाला निकायहरुको समन्वयमा शिविर सञ्चालन तथा व्यवस्थापन गर्न सक्नेछ ।

(२) शिविरबाट खानेपानी तथा फोहर मैला व्यवस्थापन, प्राथमिक उपचार, शान्ति सुरक्षा लगायतका अन्य अत्यावश्यक सेवाहरु प्रदान गर्नु पर्नेछ ।



महानिर्देशक

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
बबरमहल, काठमाण्डौ
२०३७

६. <u>यार्सागुम्बा सङ्कलन गरिने क्षेत्रमा निषेधित कार्यहरू</u>: (१) संरक्षक वा प्रमुख वा परिषद्को अध्यक्षको लिखित अनुमति नलिई कुनै पनि व्यक्तिले यार्सागुम्बा सङ्कलन क्षेत्रमा देहायका काम गर्न पाईने छैनः

(क) तोकिएको स्थान (शिविर) बाहेक अन्यत्र टेन्ट वा पाल राख्न ।

(ख) ४० माइक्रोन भन्दा कमको प्लास्टिकजन्य वस्तु लैजान र प्रयोग गर्न ।

(ग) इजाजतपत्रमा तोकिएको औजार बाहेक अन्य औजार वा हात-हतियार लैजान ।

(घ) जथाभावी फोहर फाल्न, आगो बाल्न र खाल्टो खन्न ।

(ङ) बाजा बजाउन र चलचित्र प्रदर्शन गर्न ।

(च) संरक्षित क्षेत्र कार्यालय वा परिषद्ले तोकेको बाटो बाहेक अन्य बाटो प्रयोग गर्न ।

(छ) शान्ति सुरक्षामा खलल पुऱ्याउन ।

(ज) प्रचलित ऐन, नियम विपरितको कुनै कार्य गर्न गराउन ।

७. <u>विवाद निरुपण</u>: (१) यस निर्देशिका सम्बन्धी कुनै विवाद भएमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले निरुपण गर्नेछ ।

(२) विभागले गरेको निर्णय उपर चित्त नबुझेमा बाटोको म्याद बाहेक पैंतीस दिनभित्र वन तथा वातावरण मन्त्रालयमा निवेदन दिन सक्नेछ । यसमा मन्त्रालयले गरेको निर्णय अन्तिम हुनेछ ।

८. <u>खारेजी र बचाउः</u> (१) यार्सागुम्बा व्यवस्थापन (संकलन तथा ओसारपसार) निर्देशिका, २०७३ खारेज गरिएको छ ।

(२) उपदफा (१) बमोजिम भए गरेका काम कारवाही यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ ।



महानिर्देशक

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
बबरमहल, काठमाण्डौ
२०३७

अनुसूची- १

निर्देशिकाको दफा ३ को उपदफा (१) सँग सम्बन्धित निवेदनको ढाँचा

मितिः ........................................

श्री ......................................... कार्यालय

....................................................... ।

विषयः यार्सागुम्बा सङ्कलन गर्न अनुमति पाउँ ।

महोदय,

प्रस्तुत विषयमा म निवेदक यस कार्यालय अन्तर्गतको ................... क्षेत्रबाट ...... किलोग्राम यार्सागुम्बा सङ्कलन गर्न इच्छुक भएकोले देहायको कागजात सहित यो निवेदन पेश गरेको छु ।

संलग्न कागजातहरुः

१. नेपाली नागरिकताको प्रमाणपत्रको छायाँप्रति

२. सम्बन्धित मध्यवर्ती क्षेत्र उपभोक्ता समिति वा संरक्षण क्षेत्र व्यवस्थापन समितिको सिफारिस पत्र

निवेदकः

दस्तखतः ............................

नाम थरः ............................

उमेरः ............................

स्थायी ठेगानाः

प्रदेशः ............................

जिल्लाः ............................

गा.पा./न.पाः ............................

वडा नं. ............................

सम्पर्क नः ............................

*द्रष्टव्यः बुँदा नं. २ को कागजात नभएको खण्डमा हिमाली राष्ट्रिय निकुञ्ज नियमावली, २०३६ को अनुसूची- ५क. खण्ड (१) बमोजिमको सुविधा पाइने छैन ।*



महानिर्देशक

नेपाल सरकार वन तथा वातावरण मन्त्रालय राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग बबरमहल, काठमाण्डौ २०३७

अनुसूची- २

## निर्देशिकाको दफा ३ को उपदफा (२) सँग सम्बन्धित इजाजतपत्रको ढाँचा

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
............................ कार्यालय
**यार्सागुम्बा सङ्कलन इजाजतपत्र**

इजाजतपत्र नं.
बहाल रहने मितिः ................... देखि ................... सम्म
नामः
ठेगानाः
नागरिकता नं.
सङ्कलन क्षेत्र (वनको नाम, चौहद्दी):
संकलन गर्ने तरिकाः
घाटगद्दी गरिने स्थानः
सङ्कलन गरिने परिमाणः
सङ्कलनकर्ताले प्रयोग गर्न पाउने औजारको नामः

<u>अनुमति पत्र जारी गर्ने अधिकारीः</u>
दस्तखतः ....................................
नामः ....................................
दर्जाः ....................................
मितिः ....................................

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
............................ कार्यालय
**यार्सागुम्बा सङ्कलन इजाजतपत्र**

इजाजतपत्र नं.
बहाल रहने मितिः ................... देखि ................... सम्म
नामः
ठेगानाः
नागरिकता नं.
सङ्कलन क्षेत्र (वनको नाम, चौहद्दी):
संकलन गर्ने तरिकाः
घाटगद्दी गरिने स्थानः
सङ्कलन गरिने परिमाणः
सङ्कलनकर्ताले प्रयोग गर्न पाउने औजारको नामः

<u>अनुमति पत्र जारी गर्ने अधिकारीः</u>
दस्तखतः ............................
नामः ............................
दर्जाः ............................
मितिः ............................

<u>द्रष्टव्यः</u>

- *यस इजाजतपत्रको पछाडीको पानामा यस निर्देशिका बमोजिमको निषेधित कार्यहरु र अन्य शर्तहरु अनिवार्यरुपमा उल्लेख गर्नु पर्नेछ ।*

महानिर्देशक

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
बबरमहल, काठमाण्डौ
२०३७

अनुसूची- ३

निर्देशिकाको दफा ४ को उपदफा (१) सँग सम्बन्धित निवेदनको ढाँचा

मितिः .........................................

श्री .......................................... कार्यालय

....................................................... ।

विषयः सङ्कलित यार्सागुम्बा ओसारपसार गर्ने छोडपूर्जी पाउँ ।

महोदय,

प्रस्तुत विषयमा यस कार्यालयबाट मिति ..................... देखि .................... सम्म यार्सागुम्बा सङ्कलन गर्न अनुमति दिइएकोमा सोही अवधिमा सङ्कलन भएको यार्सागुम्बा ...................... के.जी. ............... स्थानमा घाटगद्दीमा रहेकोले ............................ स्थानसम्म ओसारपसार गर्नु पर्ने भएको हुँदा देहायको कागजात सहित छोडपूर्जीको लागि यो निवेदन पेश गरेको छु ।

संलग्न कागजातहरु:

१. नेपाली नागरिकताको प्रमाणपत्र

२. फर्म वा कम्पनी दर्ता प्रमाणपत्र

३. कर चुक्ता प्रमाणपत्र

४. स्थायी लेखा नम्बर प्रमाणपत्र

५. ओसारपसार गर्न माग गरिएको परिमाण बराबरको सक्कल सङ्कलन इजाजतपत्र

निवेदक:

दस्तखतः ............................

नाम थरः ............................

सम्पर्क नः ...............................

फर्म वा कम्पनीको छापः

महानिर्देशक

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
बबरमहल, काठमाण्डौ
२०३७

अनुसूची- ४

दफा ४ उपदफा (२) सँग सम्बन्धित छोडपूर्जीको ढाँचा

नेपाल सरकार

वन तथा वातावरण मन्त्रालय

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

.................................. कार्यालय

......................................

मितिः .............................

विषयः छोडपूर्जी दिइएको सम्बन्धमा ।

श्री .............................

................................... ।

मिति .................................. को थान ............... को सङ्कलन इजाजतपत्र अनुसार सङ्कलित ............ के.जी. यार्सागुम्बा ............. दिनभित्र .......................... स्थानबाट ............................स्थानसम्म गठाई लैजाने गरी यो छोडपूर्जी दिइएको छ । बाटोमा पर्ने वन / निकुञ्ज / आरक्ष / संरक्षण क्षेत्र चेक पोष्टहरुबाट अनिवार्य रुपमा दरपीठ गराई लैजानु होला ।

| क्र.सं. | यार्सागुम्बाको परिमाण (के.जी.) | दर प्रति इकाई | कुल रकम जम्मा | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

छोडपूर्जी दिने अधिकारीः

दस्तखतः

नामः

दर्जाः

बोधार्थ / कार्यार्थः

श्री ..........................................., कार्यालय ।

श्री लेखा शाखा, ..............................................., कार्यालय ।

श्री बाटोमा पर्ने सबै वन / निकुञ्ज / आरक्ष / संरक्षण क्षेत्र चेक पोष्टहरू



महानिर्देशक

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
बबरमहल, काठमाण्डौ
२०३७